# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## बौद्ध, काठमाण्डौंको

## २३औं वार्षिक साधारण सभाको निर्णय

१. **२३औं बार्षिक साधारण सभा :**

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७६।०९।२९ मा नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौंमा सञ्चालक समितिका अध्यक्ष श्री राधेश्याम सराफज्यूको सभापतित्वमा दिनको ११:३० बजे शुरु भई दिउसो १२:३० बजे समापन भएको २३औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम छन् ।

२. **उपस्थितिः**

(अ) **सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री राधेश्याम सराफ | अध्यक्ष |
| श्री अरुण कुमार सराफ | प्रवन्ध सञ्चालक |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्री प्रल्हाद न्यौपाने | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री मनोज प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |
| श्री श्रीबत्स शम्सेर राणा | स्वतन्त्र सञ्चालक |
| श्रीमती कमलादेवी श्रेष्ठ | सञ्चालक |

(आ) **व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्री रमण कुमार कर्ण | कम्पनी सचिव |
| श्रीमति रानी बंग | प्रमुख वित्तिय अधिकृत |
| श्री गोविन्द राम परियार | जन-सम्पर्क निर्देशक |
| श्री बिनोद कुमार दास | वित्त प्रमुख |
| श्री रबिन्द्र प्रसाद कंडेल | शेयर म्यानेजर |
| श्री गोविन्द गडतौला | एकाउण्टस् एक्जुकेटिभ |

(इ) **पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री सम्पूर्ण डंगोल | आइसिटिसी प्रा. लि. |
| श्री लबेन्द्र सिंह मल्ल | याक एण्ड यति होटल लि. |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. हङकङ |
| श्री सम्पूर्ण डंगोल | आइसिटिसी होल्डिङ्ग प्रा लि |
| श्री उमेश सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. वि.भि.आई. |
| श्री केशव राज पौडेल | एभरेष्ट बैंक लिमिटेड |
| श्री गोपाल कुमार भारती | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड |
| श्री सचित कृष्ण जोशी | सुन्दर एण्ड कम्पनी (लेखापरिक्षक) |
| श्री अरुण कुमार सराफ | हायात इन्टरनेसनल कर्पोरेशन |
| श्री शम्भू कार्की | तारागाउँ विकास समिति |
| श्री सिनिची फुकाजावा | हिटाचि लिमिटेड |
| श्री तुलजंग पाण्डे | नेपाल इनभेष्टमेन्ट बैंक लिमिटेड |

(ई) **शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. उपस्थिति शेयरधनीहरुको संख्या | **४१७ जना** |
| (क) शेयरधनी स्वयंबाट | **४०६ जना** |
| (ख) प्रतिनिधि (प्रोक्सी) बाट | **११ जना** |
| २. शेयरधनीहरुको उपस्थिति प्रतिशत | **१.२४ प्रतिशत** |
| ३. शेयरको प्रतिनिधित्व संख्या | **१५,६२६,६६९ कित्ता** |
| ४. शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | **८२.८३ प्रतिशत** |

(उ) यस सभाको मिति २०७६।०९।२९ सम्ममा सहभागी हुन पाउने शेयरधनीहरुको कुल संख्या ३३,६३२ मध्ये उपस्थिति शेयरधनीहरु सबैजना सभामा सहभागी हुन योग्य थिए ।

## ३. छलफलका विषयहरुको सूची :

**क) सामान्य प्रस्ताव**

**१)** आर्थिक वर्ष २०७५।०७६ (२०१८।०१९) को सञ्चालक समितिको २३औं वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरिक्षण गरिएको आर्थिक वर्ष २०७५।०७६ (२०१८।०१९) को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।

३) कम्पनीको लेखापरिक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७६।०७७ (२०१९।०२०) को लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने । वर्तमान लेखापक्षिक श्री सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठ पुन:नियुक्त हुन सक्नु हुनेछ ।

४) कम्पनीको मिति २०७६।०८।२३ तदनुसार ०९ डिसम्बर २०१९ को सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई १२ प्रतिशत (५ प्रतिशत करकट्टी पश्चात) नगद लाभांश प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

**ख) विविध**

## ४. सभाको सूचना प्रकाशन :

(क) साधारण सभा हुने मिति, समय, स्थान, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७६ पौष ०८ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०७६ पौष १० गते अन्नपूर्ण पोष्ट दैनिक पत्रिका गरि जम्मा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव सहितको पुस्तिका शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनीको website www.taragaon.com मा राखिएको र इमेल मार्फत पठाईएको थियो ।

## ५. गणपुरक संख्या :

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ३३,६३२ | ४०६ | ११ | ४१७ | १.२४% |
| कम्पनीको शेयर संख्या | १,८८,६६,५४० | २७,९९,७४५ | १,२८,२७,०२४ | १,५६,२६,६६९ | ८२.८३% |

## ६. सभाको वैधानिकता तथा सभापतित्व :

(क) साधारण सभा शुरू हुनु भन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २३औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी



ताराँगाउँ रिजेन्सी होटल्स लि. काठमाडौं नेपाल